**२०७७ साल कार्तिक २६ गते बुधबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको त्रिपन्नौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. (क) जिल्ला अनुगमन समितिको निर्णयानुसार स्टक बढी देखिएको जफतयोग्य नदिजन्य पदार्थमा प्रति घनफिट रु. १०।१७ (मू.अ.कर समेत) का दरले मिति २०७७ मंसिर ३ गतेबाट राजस्व संकलन गर्ने ।

(ख) जिल्ला अनुगमन समितिको निर्णयानुसार बढी स्टक देखिएको जफत योग्य नदिजन्य पदार्थमा गाउँ कार्यपालिकाको ४८ औं बैठकले गरेको निर्णयानुसार जरिवाना असूल गर्ने ।

(ग) बढी स्टक देखिएको जफत योग्य नदिजन्य पदार्थ भण्डारण गर्ने क्रसर व्यवसायहरुले राजस्व छली गरेको देखिएको हुँदा प्रचलित कानुन वमोजिम कारवाही प्रकृया अघि बढाउन लेखि पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(घ) जिल्ला अनुगमन समितिबाट स्टक प्रमाणित भएको परिमाण बराबरको नदिजन्य पदार्थ विक्री तथा निकासीको लागि गाउँपालिकाको २ जना कर्मचारी राखेर अमानतबाट प्रकृया अघि बढाउने । यसरी रखिएको कर्मचारीलाई खानाखाजा खर्च बापत दैनिक ६००। रुपैयाँ नदिजन्य पदार्थको निकासिमा भएको आम्दानीबाट नै उपलब्ध गराउने ।

(ङ) निकासी गर्ने क्रसर व्यवसायले नदिजन्य पदार्थ निकासी गर्दा गत आ.व. मा खरिद गरेको रसिद पेश गरे पश्चात मात्र निकासी गर्न दिने ।

२. तपशिलमा उल्लेखित निर्माण व्यवसायी फर्मलाई "घ" वर्गको इजाजत पत्र जारी गर्न निर्देशन दिने :

(क) लामा निर्माण सेवा, राक्सिराङ्ग २ र

(ख) बज्र निर्माण सेवा, राक्सिराङ्ग ३

३. (क) वडा नं. ९ को वडा कार्यालयमा कार्यालय सहायक श्री खुप बहादुर मल्लको कलेजोमा समस्या आई हाल टिचिङ्ग हस्पिटलमा उपचाररत रहेको हुँदा निजको उपचार खर्चमा रु. १,००,०००। (एक लाख मात्र) आर्थिक सहयोग गर्ने ।

(ख) स्थानीय पत्रपत्रिका तथा अनलाईन खवरबाट प्रकाशन हुने विज्ञापनलाई देहाय अनुसारको सीमा भित्र रहेर पूर्व स्वीकृत लिएका सञ्चार गृहलाई भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने:

- स्थानीय पत्रपत्रिकालाई अधिकतम रु. ५,०००।
- अनलाइन खवरलाई अधिकतम रु. ३,०००।

(ग) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्रदेश तथा संघ सरकारका बजेट तथा कार्यक्रमहरु सम्वन्धित तहको कानुन तथा प्रकृया अनुसार निर्माण कार्य अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(घ) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको एक गाउँपालिका एक हस्पिटलको अवधारण अनुसार, यस गाउँपालिकाको वडा नं. ९ खैराङ्ग स्वास्थ्य चौकीलाई १० शैयाको हस्पिटलमा स्तरोन्नती गर्न रु. ८५,००,०००। बजेट प्राप्त भएको तर, उक्त क्षेत्र सवैलाई पायक नपर्ने भएको हुँदा उक्त हस्पिटल भवन राक्सिराङ्ग गाउँपालिकाको साविक सरिखेत गाविसको पायक पर्ने स्थानमा निर्माण गर्न उपयुरक्त देखिएको हुँदा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

६।२५

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत।